**The Journal of Deukhuri Multiple Campus**
[A Peer-Reviewed, Open-Access Multidisciplinary Journal]
ISSN 2961-1741 (Print)
Published by the Research Management Cell
Deukhuri Multiple Campus Lamahi, Deukhuri, Dang
(A Public Campus affiliated to Tribhuvan University)

# तत्सम समासका बहिरङ्ग प्रकियाः सञ्चलन, प्रत्यागम र सन्धि

**हरेकृष्ण ज्ञवाली**
उपप्राध्यापक, देउखुरी बहुमुखी क्याम्पस
लमही, देउखुरी, दाङ

**Corresponding Author:** *Harekrishna Gyawali*; email: hgyawali05@gmail.com

**शोधसार**

*यो अध्ययन मूलतः तत्सम समासका बहिरङ्ग प्रक्रियाहरु सञ्चलन, प्रत्यागम र सन्धिका विषयसँग सम्बन्धित छ । तत्सम समास प्रक्रियाका नियमहरु संस्कृत भाषाका व्याकरण ग्रन्थहरुमा पाइन्छन् । समास प्रक्रियाका लागि पाणिनिको व्याकरण सर्वमान्य र आधिकारिक व्याकरण हो । पाणिनिले समास प्रक्रियामा लागु हुने नियमसूत्र बनाउनुका साथै यी सूत्रहरु लगाएर समस्त शब्द सिद्ध हुने प्रक्रिया पनि देखाएका छन् । पाणिनीय व्याकरणानुसार समास एक शब्दवृत्ति हो भने समस्त शब्द चाहिँ व्युत्पादित प्रातिपदिक हो । यसमा पुनः तद्धित प्रत्यय लागेर अन्य शब्दसमेत निर्माण हुन्छन् । तत्सम समास प्रक्रियामा विग्रहविधान, प्रतिबन्धन, स्थान्यादेश, सञ्चलन, रुपागम, आदेश, सन्धि तथा रुपध्वनिका अनेकन विधिविधानहरु लागु हुन्छन् । तत्सम समासमा लागु हुने प्रक्रियाहरु नेपालीका तद्भव समासका भन्दा फरक छन् । तत्सम समास प्रक्रियालाई सूक्ष्मरुपले सम्झाउन यसका बहिरङ्ग र अन्तरङ्ग प्रक्रियाहरुलाई अलगअलग चर्चा गर्नु मनासिव हुने भए तापनि आजसम्म यसरी अध्ययन गरिएको देखिँदैन । यहाँ त्यसैलाई शोधान्तराल बनाई समास प्रक्रियाका बहिरङ्ग पक्षहरुः सञ्चलन, रुपागम र सन्धिप्रक्रियाबारे जानकारी गराउने उद्देश्य राखेर पाणिनीय व्याकरणमा चर्चा भएका समासान्त विधिभित्रका प्रत्ययागम, सामासिक सन्धि र पूर्वनिपातका विषयमा मात्र सङ्क्षिप्त चर्चा गरिएको छ । अध्ययन प्रतिवेदनमा गुणात्मक ढाँचा अँगालिएको छ भने प्राथमिक र द्वितीय दुबै स्रोतका दस्तावेजहरुको अध्ययनबाट सङ्कलित सूचना र तथ्यलाई विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । पाणिनिको अष्टाध्यायीका सम्बधित पाद, लघुसिद्धान्त कौमुदीका टीकाग्रन्थहरु र आवश्यक अन्य केही द्वितीय स्रोतका ग्रन्थहरुबाट समेत सामग्री सङ्कलन गरिएको छ भने वर्णनात्मक पद्धतिमा तथ्यप्रस्तुति गर्दै समासको बहिरङ्ग प्रक्रियाको संङ्क्षिप्त जानकारी गराउने लक्ष्य पूरा गरिएको छ । समास प्रक्रियामा सञ्चलन, सन्धि र रुपागमका परिवर्तनहरु कसरी भएका हुन्छन् ? जानकारी गराउँदै सञ्चलन, रुपागम र सन्धिका नियमहरु बहिरङ्ग प्रक्रियामा पर्ने निष्कर्ष निकालिएको छ ।*

***कुञ्जीशब्दहरुः*** पदविधि, निपात, सञ्चलन, रुपध्वनि, प्रत्यागम ।

## विषय प्रवेश

कृत्तद्धितसमासाश्च (अष्टाध्यायी १.२.४५) सूत्रले समासलाई प्रातिपदिक व्युत्पादनका रुपमा चिनाएको छ । संस्कृत व्याकरणाहरुमा प्रातिपदिकबाट नयाँ शब्द निर्माण गर्ने प्रक्रियालाई शब्दवृत्ति भनिएको पाइन्छ । यस्ता वृत्तिहरु प्रातिपदिकतर्फ कृत, तद्धित, समास, एकशेष (समासकै एक भेद) र धातुतर्फ इच्छा, पुनरुक्ति, प्रेरणा र नामधातु बनाउने धातुप्रक्रियासमेत गरी आठ वटा छन् । भाषिक व्यवहारमा जब नयाँ अर्थाभिधान गर्नुपर्ने आवश्यकता आइपर्छ त्यसका लागि उल्लिखित वृत्तिमध्येबाट नयाँ शब्द व्युत्पादन गरेर विवक्षित अर्थ अभिव्यक्त गरिन्छ । त्यसकारण उक्त शब्दवृत्ति र धातुवृत्तिहरु प्रकृतितत्वमा सम्बन्धतत्व मिसाएर नयाँ अर्थसन्धान गर्ने

व्युत्पादनका पद्धतिहरु हुन् भन्ने देखिन्छ । अर्को शब्दमा यिनैलाई शब्दनिर्माणका मूल पद्धति पनि भनिन्छ । संस्कृत व्याकरणहरुमा समसनम् समासम् भनेर समास वृत्तिको परिचय गराइएको छ (उपाध्याय, २०२१, पृ. ६०७) । समसनको अर्थ सङ्क्षेप गर्नु हुन्छ, जसअनुसार एकार्थी भावसम्बन्धका आधारमा अनेक पदहरुलाई मिलाएर एकल शब्दनिर्माण गरिन्छ । अनेकको मिश्रण अर्थात् एकीकरण, एकार्थीभाव सम्बन्ध र एकपदी स्वरुप समासका मूल पहिचान हुन् । यसरी समासमा सङ्ग्रहण, मिश्रण र सङ्क्षेपण मुख्य तिन प्रकारका विशेषता पाइन्छन् । समासमा कस्ता-कस्ता पदलाई एक जिउमा सम्मिश्रण गर्न मिल्छ ? यसको जवाफमा के भनिएको पाइन्छ भने समास समर्थ पदविधि हो (पूर्ववत्, पृ.६०८) । यसको तात्पर्य के हो भने एकार्थीभाव सम्बन्धले एउटै अर्थ व्यक्त गर्न एकापसमा जोडिन समर्थ पदहरुमा मात्र समासविधि लागु हुन्छ । समासमा समन्वित हुने आधार अर्थगत सम्बन्धलाई बनाइएको छ भने प्रतिबन्धनका लागि सहसुपाका अनेकन नियमसूत्र बनेका छन् । त्यसकारण पाणिनि व्याकरणमा समासवृतिमा कस्ता कस्ता शब्द मिल्न सक्ने र नसक्ने कुराको स्पष्ट व्यवस्था गरिएको छ । एकातिर सहचार्य र प्रतिबन्धनका आधारमा समासवृत्तिको विधान तयार गरिएको छ भने अर्कोतर्फ समासको व्यवस्था नै वैकल्पिक उपाय हो भन्दै विग्रह वाक्य नै प्रयोगमा आउन सक्ने मान्यता पनि प्रस्तुत गरिएको छ । पाणिनिले यसको तारतम्य उत्सर्गसूत्र, अपवादसूत्र र वैकल्पिकसूत्र निर्माण गरेर पूरा गरेका छन् ।

समासमा प्रतिबन्धन दुई तहमा लागु हुन्छ । पहिलो तहको प्रतिबन्धन पदहरुको आर्थीसम्बन्ध अर्थात् एकार्थी भाव अभिव्यक्तिको योग्यताले निर्धारण गर्दछ भने दोस्रो तहको प्रतिबन्धन प्रक्रियामा देखापर्दछ । जब नियमले पाएको विधानमा अपवाद नियम लागु हुन्छ तव अर्कै रुपान्तरण भई शब्दको स्वरुपमा नै भिन्नता पनि आउँछ । त्यसैले तत्सम समास व्युत्पादनमा उत्सर्ग र अपवाद नियमहरु बराबर लागु हुने भएकाले तत्सम समास प्रक्रिया निकै जटिल र विविधतापूर्ण प्रक्रिया देखिन्छ ।

तत्सम समासप्रक्रियाको रुपसिद्धि आफ्नै ढाँचा र मान्यतामा आधारित छ । यसअन्तर्गत विग्रह वाक्यका लौकिक र अलौकिक विग्रह, प्रतिबन्धन, स्थान्यादेश, प्रकृतिविकृति र सन्धि जस्ता अनेकन सोपानगत प्रक्रियाहरु लागु हुन्छन् । यी प्रक्रियालाई अनिवार्य र ऐच्छिकमा बाँड्न सकिन्छ भने आन्तरिक र बाह्य प्रक्रियाभनेर पनि छुट्याउन सकिन्छ । समासमा नभै नहुने रुपान्तरणका नियम अनिवार्य र आन्तरिक प्रक्रिया मानिन्छन् भने केहीलाई मात्र चाहिने वा स्थान्यदेश सम्बद्ध नियमबाहेक अन्य सबै बाह्य प्रक्रियाका पर्दछन् । आधुनिक भाषाविज्ञानका शब्दमा भन्दा बाह्य प्रक्रियाले रुपध्वनिका सबै प्रक्रियालाई जनाउँछ । पाणिनीय व्याकरणमा समासान्त विधिका रुपमा आएका जति बाह्य विधान देखिन्छन् । समास प्रक्रियाको सूक्ष्मावलोकनका लागि यसका समग्र प्रक्रियालाई बाँडेर बाह्य प्रक्रियाका बारेमा मात्र अध्ययन गर्न आवश्यक देखेर यहाँ समासका बाह्य प्रक्रियालाई मात्र अध्ययनको विषय बनाइएको छ ।

समास र सन्धि संस्कृत भाषाका संयोजनकारी भूमिका भएका प्रक्रिया हुन् । यिनीहरुले संस्कृत भाषालाई प्रश्लिष्ट यौगिक संरचना भएको भाषा बनाउन अहम् भूमिका खेलेका छन् । यी दुईमा समास व्युत्पादन पद्धति हो जसलाई पाणिनीय व्याकरणमा शब्दवृत्ति भनिएको कुरा माथि नै चर्चा भइसकेको छ । तत्सम समासमा अनेक शब्द संयोजन गर्न मिल्ने नियमले गर्दा दुई शब्ददेखि दर्जनौ शब्दहरु जोडिएर समस्त शब्द बन्ने हुँदा यसको रचनाप्रक्रिया जटिल किसिमको बन्न पुग्दछ । यसैभित्र निकट परिवेशमा आएका आद्यन्त वर्णहरु रुपान्तरण हुने सन्धि प्रक्रिया पनि लागू हुन्छ र भाषिक संरचना नै पूरै प्रश्लिष्ट बन्दछ । त्यसकारण संस्कृत भाषाको बनोटमा समास र सन्धि तथा ध्वनिसमायोजन भित्रका रुपान्तरण र परिवर्तनका प्रक्रियाले संश्लिष्ट अझैं जटिल बनाएको देखिन्छ । सन्धि मौलिक शब्द व्युत्पादन प्रक्रिया नभए तापनि ध्वनिसंयोजनको महत्वपूर्ण प्रक्रिया भएकाले संस्कृत भाषाको क्लिष्ट बनोटमा यसको पनि व्युत्पादनात्मक जस्तै भूमिका देखिन्छ । त्यसैले त संस्कृत व्याकरणमा सन्धि र अङ्गकार्य अन्तर्गत चर्चा गरिएका विषयहरुलाई आधुनिक भाषाविज्ञानले पनि महत्वपूर्ण मानेर चर्चा गरेको पाइन्छ । जे होस्, सन्धि र समास संस्कृत भाषाको संरचनामा जटिलता ल्याउने मूल कारक तत्व हुन् जसलाई भेदन गर्ने सामर्थ्य जो कोहीमा हुँदैन भने यिनमा भेदनको सामर्थ्य नल्याई यस्ता शब्दको सहज अर्थबोध पनि मिल्दैन । त्यसैले यी दुई प्रक्रियाले जोल्टिएका पदहरुको पदच्छेदन नगरीकन संस्कृत भाषाबाट आएका तत्सम शब्दको अर्थ वा भावबोध हुन नसक्ने मात्र होइन राम्ररी पठनगति पनि चल्दैन ।

नेपाली भाषामा संस्कृत भाषाबाट आएका समस्त शब्दहरु प्रशस्त प्रयोग भएको पाइन्छ । यिनका रचनाप्रक्रिया नबुझ्दासम्म पूरै रचनागर्भको अर्थ बुझ्न सकिन्न । त्यसकारण भाषामा पदच्छेद गर्ने भनेकै समास र सन्धिले जोल्टिएका तत्सम शब्दलाई अलग्याउनु हो । सन्धि ध्वनिसमायोजनको विशिष्ट प्रक्रिया भएकाले यसको प्रयोग व्युत्पादन र रुपायनका सबै प्रक्रियामा देखापर्छ । समासभित्र पनि ध्वनिसमायोजनको प्रक्रिया रुपमा यसको महत्वपूर्ण भूमिका देखिन्छ । सन्धि मात्र भन्दा सङ्कीर्ण अर्थ हुने भएकाले पाणिनिले भित्रीबाहिरी सबै अवस्थाका रुपध्वन्यात्मक रुपान्तरणका प्रक्रियाजनाउनका लागि आवश्यकतानुसार सन्धि र संहिता शब्द प्रयोग गरेका छन् । उनले आद्यान्त अवस्थामा हुने र अन्य अङ्गकार्यका रुपमा हुने उस्तै प्रक्रियालाई पनि छुट्याएर जनाउन सूत्रहरुको अलग्गै व्यवस्था गरेका छन् । अलग-अलग पादमा गरिएका उस्तै प्रक्रियाका व्यवस्थाले सन्धि तथा अङ्गकार्य फरक हुन् भनेर छुट्याउन खोजिएको स्पष्ट देखिन्छ । यसबाट पाणिनीय व्याकरणमा सन्धि विशिष्ट प्रक्रिया हो भन्ने मात्र बुझिन्न अपितु यो आद्यान्त भागमा अर्थात् संहिता भागमा लागु हुने प्रक्रिया हो भन्ने कुरा समेत बुझिन्छ ।

सन्धि जस्तै पूर्वनिपात पनि समासको महत्वपूर्ण प्रक्रिया हो । समासप्रक्रियामा यसको रुपान्तरण नियम कतिबेला लागु हुनुपर्छ ? स्पष्ट नभए तापनि समासमा रुप र अर्थविधान दुवै दृष्टिले पूर्वनिपात संज्ञा गरिएको पाइन्छ । यस आलेखमा रुपविधानमा परिवर्तन ल्याउने पूर्वनिपातको मात्र चर्चा गरिएको छ । यस्ता रुपात्मक पूर्वनिपातहरु केही समस्त शब्दमा मात्र देखिने हुँदा यहाँ ऐच्छिक प्रक्रिया मानेर बाहृय प्रक्रियामा चर्चा गरिएको हो । तर समस्त शब्दका अवयवहरुको अनुक्रम विधानका लागि पूर्वनिपात संज्ञा सबैमा गरिन्छ । यसै गरी पाणिनीय व्याकरणमा अङ्गकार्य तथा प्रकृतिविकृति नामका आदेश र आगमादिका अनेक प्रक्रियाहरु वर्णित छन् र यी सबै समासान्त विधिमा वर्णित छन् । पूर्वनिपात, सन्धि र रुपागमका प्रक्रियाहरु स्थानि र स्थान्यभावका कार्यपछि लागु हुने भएकाले यिनलाई बाहृय प्रक्रिया मान्नु उपयुक्त हुने देखिन्छ ।

संस्कृत भाषाकै नियम लागु हुने तत्सम समासपद्धति शब्दनिर्माण गर्ने उर्वर पद्धतिमा गनिन्छ । नेपाली भाषामा पनि समासप्रक्रिया शब्द व्युत्पादन गर्ने उर्वर प्रक्रिया नै देखिन्छ । नेपालीमा तत्सम समास लेखनयुक्तिलाई प्रभाव पार्ने प्रक्रिया समेत मानिन्छ किनभने समस्त शब्दहरु पदयोग र वियोग दुई थरि नियमले लेखिने र समासभित्रै सन्धि र स्वरप्रक्रियासमेत लपेटिने भएकाले समस्त शब्द संश्लिष्ट रुपमा लेखिँदै आएका छन् । धेरै शब्दहरु मिलेर एउटा सिङ्गो एकाइ बन्ने भएकाले समस्त शब्दको उच्चारण वा स्वरप्रक्रिया पनि बदलिन्छ । त्यसैकारण पाणिनिले आफ्नो अष्टाध्यायी व्याकरणमा समासप्रक्रियालाई छ ठाउँमा विश्लेषण गरेका छन् (पाणिनि, १९८१ ई) । पहिलो अध्यायमा वाक्यभित्रका संरचक घटकका रुपमा समासको चर्चा गरिएको छ भने दोस्रो अध्यायमा कारक पछि एक व्युत्पादन पद्धतिका रुपमा समासको रुपसिद्धि प्रक्रिया देखाइको छ । यस्तै गरी अष्टाध्यायीको पाँचौं अध्यायमा समासान्त र संहिताप्रक्रिया, छैठौंमा प्रकृतिविकृति र आठौंमा सामासिक सन्धि र स्वरप्रक्रियाका बारेमा चर्चा गरिएको छ । यसरी पाणिनीय व्याकरणमा समासको चर्चा गर्दा यसलाई कतै प्रातिपदिक शब्द र कतै व्युत्पादन पद्धतिका रुपमा चिनाइएको छ भने कतै यसअन्तर्गतका रुपध्वनिका विषयहरुलाई संहिताकार्य, सन्धि कार्य र स्वरप्रक्रियालाई अलग-अलग ठाउँमा विश्लेषण गरिएको छ । तत्सम समासका यी सबै प्रक्रियाका बारेमा यो सानो आलेखमा चर्चा गर्नु सम्भव नदेखिएकाले यहाँ समासको सङ्क्षिप्त चिनारीसहित समासअन्तर्गतका रुपध्वनिका विषयहरु सञ्चलन, रुपागम र सन्धिप्रक्रियाका बारेमा मात्र चर्चा गर्ने प्रयास गरिएको छ । पाणिनिले पूर्वनिपातका रुपमा सञ्चलनलाई चिनाएका छन् भने रुपागमलाई समाश्रय वा समासान्त विधिअन्तर्गत चर्चा गरेका छन् । समासभित्रका सन्धि, लोप, आदेश, आगम र अन्य प्रकृतिविकृतिका सबै प्रक्रियाहरु विश्लेषण गरेका छन् । यिनलाई कतै संहिता, कतै प्रकृतिविकृति तथा अङ्गकार्य नाम दिएका छन् । वास्तवमा समासभित्रका पूर्वनिपात, रुपागम र सन्धि रुपात्मक परिवर्तनका बहिरङ्ग कार्य मानिन्छ । पाणिनिको व्याकरणमा समासान्त प्रत्ययलाई तद्धित प्रत्यय वर्गमा राखिएको भए तापनि यिनको व्यवस्था र चर्चा समासमै हुन्छ । संस्कृतमा मध्यसर्गहरुलाई जनाउन विकीरण शब्द पनि प्रयोग भएको देखिन्छ किनभने विभक्तिभन्दा पहिले रहने भएकाले समासान्त प्रत्ययहरुलाई विकीरणका रुपमा पनि हेर्न सकिन्छ । त्यसैले यस आलेखमा समासका बाहृय प्रक्रिया के के हुन् ? कस्ता छन् ? यिनै प्राज्ञिक जिज्ञासाको समाधान गर्ने उद्देश्य राखेर समास प्रक्रियाका सञ्चलन, रुपागम र सामासिक सन्धिलाई अध्ययनको विषय बनाइएको छ ।

## सैद्धान्तिक पर्याधार

नेपालीमा समास शब्दव्युत्पादन गर्ने एक सरल पद्धति मानिन्छ तर यही संस्कृत भाषामा क्लिष्ट र जटिल पद्धति मानिन्छ । यसको सैद्धान्तिक स्थिति पनि दुवै भाषामा समानभन्दा असमान बढी छ । संस्कृतमा अपवाद र वैकल्पिक रुपान्तरण प्रक्रियाले यसलाई जटिल बनाएको पाइन्छ । नेपालीमा रुपान्तरणका झन्झटिला प्रक्रिया धेरै नहुनाले समास मौलिक शब्दनिर्माण गर्ने सस्तो र सजिलो विधि मानिएको छ । तर तत्सम शब्दनिर्माणको जानकारीको लागि मात्र होइन तत्सम समस्त शब्दहरुको लेखन पदयोग र पदवियोग दुवै ढाँचामा हुने भएकाले नेपाली भाषा पढ्न र लेख्न जान्नका लागि पनि तत्सम समस्त शब्दलाई भलीभाँती जान्नु अनिवार्य भएको छ । संस्कृतमा दुई पदिक र अनेक पदिक समासका प्रकार हुन्छन् भने सहसुपाको अधिकार सूत्रले गर्दा अपवादलाई छोडेर नामिक र अव्ययवर्गका (आख्यातभिन्न) शब्दहरुसँग मात्र समास गर्ने प्रचलन बढी छ । अर्को तथ्य पनि छ त्यो के हो भने संस्कृतमा एकाक्षरी शब्दहरु प्रशस्त छन् । त्यहाँ उपपद, उपसर्ग तथा उपस्कारको व्यवस्थाले गर्दा सग्ला लाग्ने यस्ता शब्दहरु पनि समासले बनेका हुन्छन् । अकर्म, सपरिवार, अनाचार, कुम्भकार, आजन्म, अदिति, कमलाक्षी जस्ता असंख्य शब्दहरु समासले बनेका छन् । अर्कोतिर नगर पालिका, ग्राम पालिका, नील गगन, नेपाल सरकार, मन्त्री मण्डल, शीत भण्डार यस्ता बेग्लै लेखिने शब्द पनि समास भएर बनेका हुन् । अझ नेपाल मातृभूमि संघ, नेपाल परिवार कल्याण संघ, अख्तियार दुरुपपोग निवारण कार्यालय जस्ता तिन पदिक र सोभन्दा बढीले बनेका शब्दहरु त नजोडीकनै लेखिन्छन् जसले गर्दा यिनमा समस्त शब्दको भान पनि हुँदैन । तसर्थ तत्सम समासको सैद्धान्तिक आधार नितान्त मौलिक र फरक देखिन्छ ।

नेपाली भाषामा तत्सम र तद्भव दुवै प्रकारका समास प्रक्रिया छन् । यी दुईमा माथि भने झैं समानता र असमानता बराबर देखिन्छ । नेपाली समासप्रक्रिया सग्लो छ र यसमा शब्द एकाइहरुको समायोजन स्पष्टसँग छुट्टिएर रहेको हुन्छ । तर तत्सम समास अनेक रुपहरु समायोजन गर्ने, समसन गर्ने वा सङ्क्षेपण गर्ने जटिल प्रक्रिया भनेर चिनिन्छ जसले गर्दा समस्त शब्द बनाउने मात्रै शताधिक नियमसूत्रहरु पाणिनीय व्याकरणमा बनेका छन् । अर्कोतिर समासभित्र रुपसिद्धिका अनेकन प्रक्रियाहरु जोल्टिएका हुन्छन् जसलाई एकाध शीर्षकमा चर्चा गर्न सकिन्न । तिनलाई अनेक विषय शीर्षकमा रहेर चर्चा गर्नुपर्ने हुन्छ । संस्कृत समासप्रक्रियाभित्र मुख्यतः विग्रह, प्रकृतिविकृति, सन्धि, उपसर्जन, निपतन र समासान्त विधिहरु पर्दछन् । समासप्रक्रियाभित्रका यी विभिन्न पक्ष र सिङ्गो समासका बारेमा प्रशस्त खोज अनुसन्धान भएका छन् तर समास भित्रका सञ्चलन, रुपागम र सन्धिका विषयमा मात्र केन्द्रित रहेर समासप्रक्रियाको सरल अध्ययन भने भएको देखिन्न । यही अभाव र शोधान्तराललाई परिपूर्ति गर्न यस आलेखमा सामासिक रुपध्वनि प्रक्रियाका सूक्ष्म विषयहरु सञ्चलन, रुपागम र सन्धिका बारेमा मात्र जानकारी गराउने उद्देश्य तय गरिएको छ । तदनुसार समासभित्रका उक्त सञ्चलन, रुपागम र सामासिक सन्धिसम्बन्धी प्राज्ञिक जिज्ञासा मेटाउन समासभित्रका बहिरङ्ग प्रक्रियाको जानकारी गराउँदा पाणिनीय व्याकरणका सूत्र व्यवस्थालाई नै मूल आधार बनाइएको छ । प्रारम्भमा समासको परिचय र प्रकारको चर्चा गर्दा कौमुदी र वृत्तिपरक ग्रन्थहरुको आश्रय लिइएको भए तापनि प्रक्रियाको चर्चामा मूलतः पाणिनीय मान्यतालाई नै आधार मानिएको छ । पाणिनीय व्याकरणका सूत्रहरुले आ-आफ्ना परिवेशमा स्वतः क्रियाशील हुदैं रुपसिद्धि गर्ने भएकाले यसमा सुनिश्चित प्रक्रियाक्रम रहेको हुन्छ । पाँच वटा सोपानक्रमका कार्यहरु एकपछि अर्को गर्दै समासको रुपसिद्धि पूरा हुन्छ । यिनमा पछिल्ला दुई कार्यहरु रुपसङ्गठन र ध्वनिसमायोजनसँग सम्बन्धित छन् । यिनैमा सञ्चलन, रुपागम र सन्धिका कार्यहरु हुने हुँदा समासको यो चर्चा अष्टाध्यायीका पाँचौं, छैटौ र आठौं पादका अङ्गकार्य र सन्धिका व्यवस्थाका विधानसँग सम्बन्धित रहेकाले सम्बन्धित सूत्र व्यवस्थालाई सैद्धान्तिक पर्याधार बनाइएको छ ।

## पूर्वकार्यको समीक्षा र अध्ययन ढाँचा

संस्कृतका व्याकरणहरुमा समास पद्धतिको अध्ययन विस्तृत र व्यापक रुपमा भएको पाइन्छ । पाणिनिको सूत्रग्रन्थका अलवा यसका आजसम्म सयौँको सङ्ख्यामा वार्तिक, भाष्य वृत्ति एवम् व्याख्या ग्रन्थहरु लेखिएका छन् । ती व्याख्या र विश्लेषण उपजीव्य अष्टाध्यायी व्याकरणका आधारमा गरिएको हुनाले तिनमा मूल ग्रन्थमा गरिएको समासको व्यवस्थालाई प्रस्ट पार्ने कोसिस मात्र देखिन्छ । यसरी समास अध्ययनलाई हेर्दा के देखिन्छ भने पाणिनि, भोजदेव, हेमचन्द्र जस्ता सूत्रकारहरुले आवश्यक नियमहरु रचना गरेर समासप्रक्रियाबारे प्रकाश पार्ने वीजगणितीय

ढाँचाका सूत्रहरु दिएका छन् भने अर्का थरी रामचन्द्र, भट्टोजी दीक्षित, वरदराजाचार्यहरुले प्रक्रियापरक शैक्षणिक ग्रन्थमा समास प्रक्रियालाई प्रस्ट पार्ने काम गरेका छन् । सूत्रग्रन्थमा समासका नियम मात्र दिइएको छ जसका आधारमा लाखौं समास्त शब्दहरुको रचना गर्न त सकिन्छ तर सामग्रीको पर्यवेक्षण र उदाहरणीकरण आफै गर्नुपर्छ । पाणिनिले अष्टाध्ययीको पहिलो र दोस्रो अध्यायमा, भोजदेवको सरस्वतीकण्ठाभरण (व्याकरण खण्ड) र श्रृगारप्रकाशमा र हेमचन्द्रको शब्दानुशासन जस्ता कृतिमा समास प्रक्रियामा लागू हुने विधिसूत्र, अपवादसूत्र र वैकल्पिक सूत्र व्यवस्था पाइन्छन् । यी मूल कृतिपछि यिनैका व्यवस्थाका आधारमा वृत्ति, टीका, भाष्य, प्रक्रियापरक कृतिहरु लेखेर संस्कृत समासप्रक्रियाबारे गहन र विस्तृत अध्ययन गरी व्याख्या, तथा विश्लेषण गरेको पाइन्छ । तर पाणिनिको व्याकरणरुपी भाषाचन्द्रिकाको उदयपछि अरु परम्पराका व्याकरणहरु र उत्तरवर्ती कार्यहरु समेत पाणिनि व्याकरणका ज्ञानरश्मीका साम् टिल्पिलाउने सलाका मात्र सावित भएका छन् । संस्कृत भाषानुशासनमा पाणिनीय व्याकरण मात्र भाषा जगतको चन्द्रिका चम्किरहेको छ । त्यसैले संस्कृत भाषाजगतमा पाणिनि व्याकरणको ज्ञानधारा एक छत्र रुपमा प्रवाहमान रहेको छ । यिनका व्याकरणमा अनुक्त र अन्य आवश्यक विषय थप्ने वार्तिक र व्याख्या गर्ने भाष्य जस्ता परिपूरक कृतिहरु लेखिएपछि त्रिमुनिको व्याकरणको ज्ञानधाराले संस्कृत भाषाको संस्कार र संरक्षणको कार्य आजसम्म गरिहेको पाइन्छ ।

पाणिनि व्याकरण अनुवृति शैलीमा लेखिएकोले यसलाई जान्न पूरै अष्टाध्यायी रट्नुपर्ने झन्झटलाई अन्त्य गर्दै शैक्षणिक कृतिका रुपमा प्रक्रियापरक कृतिहरु प्रक्रियाकौमुदी, लघुकौमुदी र सिद्धान्तकौमुदी लेखिएपछि भने आजभोलि संस्कृत भाषाका व्याकरणका पर्यायका रुपमा यिनै प्रक्रियाग्रन्थहरु चिनिएका छन् । यिनबाट संज्ञा, सन्धि, सुप्, तिङ्, कृत्, तद्धित, समास स्त्री आदि प्रकरणअनुसार व्याकरण अध्ययन गर्ने परिपाटी सुरु भयो तर यिनले नायक शब्दको मात्र रुपसिद्धि सिकाउने भएकाले यिनीहरुको रचनापछि संस्कृत भाषाको अध्ययन लाक्षणिक अध्ययनमा सीमित देखिन्छ । यी ग्रन्थहरु पाणिनि व्याकरणमा प्रवेश गराउन लेखिएका थिए तर संस्कृत व्याकरण अध्ययनको लक्ष्य यिनैलाई बनाउन थालेपछि भने प्रक्रियापरक अध्ययन परिपाटी औपचारिक र संकीर्ण बन्दै आएको भेटिन्छ । यसबाट संस्कृत भाषाको अध्ययन परम्परा खोज, संश्लेषण र विश्लेषणमा भन्दा सीमित नायक शब्दको रुपसिद्धिमा मात्रै खुम्चिएको देखिन्छ । तर आधुनिक शैलीमा संस्कृत भाषाको अध्ययन हुन थालेपछि भने संस्कत भाषाव्याकरणका बारेमा अनेक लेखरचना, आलेख र जर्नलहरुमा अनेक मत, दृष्टिकोण र पद्धति अँगालेर लेख्न थालिएको पाइन्छ तापनि आधुनिक भाषाविज्ञानलाई समेत मार्गदर्शन गराइरहेको संस्कृत व्याकरणका विविध पक्षमा प्रकाश पार्ने काम भने अझै बाँकी नै रहेको अनुभव हुन्छ ।

संस्कृत व्याकरणका बारेमा कलम चलाउने उपकारमना नेपाली विद्वान्हरुको पनि कमी छैन । यिनीहरुको योगदानले संस्कृत भाषामा सहज प्रवेश हुन्छ तापनि संस्कृत व्याकरणका मान्यता र प्रक्रिया चिनाउन यी पनि अपर्याप्त देखिन्छन् । वर्तमानमा संस्कृत व्याकरणमा प्रवेश गराउन सहयोग पुर्याउने थुप्रै अध्ययनहरु भएको देखिन्छ । नेपाली भाषामा संस्कृत भाषाको व्याकरण लेख्नेदेखि पाणिनिको व्याकरणको अनुवाद गर्ने, प्रक्रियापरक ग्रन्थहरुको टीका, व्याख्या गर्ने काम पनि प्रशस्तै भएको देखिन्छ । संस्कृत व्याकरणको समास पद्धतिबारे खोज अनुसन्धान गरेर विभिन्न शीर्षकका लेखरचनाहरु नेपाली भाषामा प्रस्तुत भएका छन् । यसरी कलम चलाउने प्रमुख व्यक्तिहरुमा लघु कौमुदीका नेपाली टीकाकार दुर्गादत्त शर्मा उपाध्यायसँगै जयराज आचार्य, शिवराज आचार्य, नीलमणि ढुङ्गाना, टीकाराम पन्थी, माधव पोखेल, मतिप्रसाद ढकाल, मीनप्रसाद अधिकारी आदि प्रमुख रहेका छन् । यिनका लेखबाट समास प्रक्रियाको बारेमा अध्ययन गर्न उत्प्रेरणा मिले तापनि यिनका ढाँचा र विधि अनुसरण नगरिएको वा प्रत्यक्ष सहयोग नमिलेकाले यिनका सन्दर्भस्रोतको चर्चा र विवरण यहाँ प्रस्तुत गरिएको छैन ।

## विषय र छलफल

### समासः समर्थ पदविधिको प्रक्रिया

सामान्यतया समास सुबन्तका साथ सुबन्त जोडिने प्रक्रिया हो । नयाँ अर्थाभिधानको सुनिश्चितताका लागि यसो गर्नु आवश्यक मात्र होइन वैज्ञानिक पनि छ । समास विधि समर्थवान वा परस्पर सम्बन्ध रहेका शब्दहरुमा मात्र लागु हुन्छ । त्यसैलै यसलाई समर्थ पदविधि भनिएको हो । यो सामर्थ्य दुई किसिमको हुन्छ व्यापेक्षा र एकार्थीभाव । यहाँ व्यापेक्षाको अर्थ आकाङ्क्षा हो । यसको अर्थ परस्पर आकाक्षाभाव वा सापेक्षसम्बन्ध

रहेका पदहरुका बिचमा मात्र समास हुन सक्छ भन्ने हो भने एकार्थीभाव लक्षणले चाहिँ समासमा जोडिने पदहरुले आफ्नो स्वतन्त्र अर्थ त्यागगरी समुदाय बनेर एउटै नयाँ अर्थबोध गराउने सामर्थ्यलाई जनाउँछ । त्यसकारण अनेक विभक्ति र स्वरका ठाउँमा एक विभक्ति र भिन्न स्वरप्रक्रियामा एकीकृत भएर एउटै अर्थबोध गराउन सक्नु समास बन्ने योग्यता हो । यसरी समासमा सुबन्तका साथ सुबन्तको पदविधि लागु हुन अर्थगत र रुपगत एकीकरणको योग्यता चाहिन्छ अनि मात्र समासप्रक्रिया सम्पन्न हुन्छ । त्यसैले त ठिक भनिएको छ–समास सङ्क्षेप गर्ने प्रक्रिया हो ।

**समासको वर्गीकरण**

समासलाई अनेक आधारमा वर्गीकरण गरिएको पाइन्छ । तिनमा रुपसंयोजन र अर्थका आधारमा गरिएका विभाजनहरु बढी महत्वका छन् । वैयाकरण भूषणसारमा रुपसंयोजनका आधारमा समासका ६ भेद देखाइएको छ (भट्ट, २०६४) ।

*तद्यथाः सुपां सुपा तिङा नाम्ना धातुनाथ  तिङां तिङा ।*
*सुबन्तेन्नेति च ज्ञेयः समासः षड्विधो बुधैः॥*

उल्लिखित कारिकाका अनुसार रुपसंयोजनका आधारमा समासका निम्नलिखित छ भेद छन्:

क) सुबन्तको सुबन्तका साथः राजपुरुष
ख) सुबन्तको तिडन्तको साथः पर्यभूषयत्
ग) सुबन्तको नामका साथः कुम्भकार
घ) सुबन्तको धातुको साथः कटप्रु
ड) तिडन्तको तिडन्तको साथः पिवतखादत
च) तिडन्तको सुबन्तका साथः जहिस्तम्ब

अर्थका आधारमा समासलाई जम्मा चार प्रकारमा विभाजन गरिएको पाइन्छः

क) प्राय अव्ययपदको अर्थ प्रधान हुनेः अव्ययीभाव समास
ख) प्राय उत्तरपदको अर्थ प्रधान हुनेः तत्पुरुष समास
ग) प्राय उभयपदको अर्थ प्रधान हुनेः द्वन्द्व समास
घ) प्राय अन्यपदको अर्थ प्रधान हुनेः बहुब्रीहि समास

समासका प्रकार गणना गर्नेक्रममा यसमा केही हेरफेर गर्दै पाँच, छ र सात प्रकारसमेत देखाइएको पाइन्छ । आचार्य वरदराजले (उपाध्याय, २०२१, पृ. ६०७ मा उद्धृत) माथिका चारमा केवल समास जोडेर पाँच मानेका छन् भने भट्टोजि दीक्षितले (१९८२ ई.) भिन्न प्रकारले समासका पाँच भेद नै गणना गरेका छन् । समासका प्रत्येक भेदहरुका विग्रहवाक्य फरक फरक (वैकल्पिक समेत) हुने भएकाले विग्रहका आधारमा समासका भेद मान्नु पनि आवश्यक हुन्छ । विग्रहवाक्यका आधारमा समासका छ भेद यस प्रकार रहेका छन्:

| | | |
|---|---|---|
| क) अव्ययीभाव समासः | मक्षीकानां अभाव | निर्मक्षिकम् |
| ख) तत्पुरुष समासः | राज्ञः पुरुष | राजपुरुष |
| ग) कर्मधारय समासः | गणश्च चासौ पति | गणपति |
| घ) द्विगु समासः | पञ्चानां गवानांम् समाहार | पञ्चगव |
| ङ) बहुब्रीहि समासः | पितानि अम्बराणि यस्य स | पिताम्बर |
| च) द्वन्द्व समासः | सुखंच दुःखं च | सुखदुखौ |

यी छ भेद समासलाई समान र असमान विभक्ति लागेका पदले विग्रह हुने मानेर जम्मा दुई प्रकारमा विभाजन गरिएको देखिन्छः

क) समानाधिकरण समासः विग्रह वाक्यका अघिल्ला र पछिल्ला दुवैमा समान विभक्ति लागेका पद हुने समास समानाधिकरण हुन्छन् : कर्मधारय, द्विगु, समाहार द्वन्द्व, र समाहार बहुब्रीहि ।

ख) व्यधिकरण समासः विग्रह वाक्यका अघिल्ला र पछिल्ला पद असमान विभक्तिका हुने समास व्यधिकरण हुन्छ तत्पुरुष, अव्ययीभाव, व्यधिकरण द्वन्द्व र बहुब्रीहि ।

समासविधि शब्दनिर्माण गर्ने जीवन्त र व्यावहारिक पद्धति हो । यो वक्ताको विवक्षामा निर्भर रहने हुँदा पाणिनिले समास प्रक्रियालाई विभाषायाम् भन्दै वैकल्पिक प्रक्रिया मानेका छन् । यसको आशय के हो भने समास नभएको अवस्थामा विग्रह वाक्य नै व्यवहारको एकाइ हुन्छ । अर्थमा फरक नपरे तापनि विग्रह वाक्यलाई समास गरेपछि यसको पदसमन्विति र उच्चारण फरक हुन्छ । वागार्थाविव यो समस्त शब्द हो भने वागार्थौ इव सन्धिपछिको रुप पनि वागार्थाविवमा प्रसिद्ध छ । पाणिनिका अनुसार समासपछि स्वरप्रक्रिया फरक हुन्छ । समासपछि समस्त शब्द वक्ताको विवक्षानुसार एकार्थीभाव र एउटा पदका रुपमा उच्चारण हुनु अनिवार्य मानिन्छ ।

**तत्सम समासको रुपसिद्धि प्रक्रिया**

समासको सैद्धान्तिक छलफलका क्रममा समास वृत्तिमा विग्रह वाक्यको अर्थ बुझाउनका लागि नै वैकल्पिक उपायका रुपमा समास गरिन्छ भन्ने कुरा स्पष्ट पारिएको छ । यसका लागि विग्रह वाक्यका शब्दहरुलाई निश्चित तवरले एकीकृत गरिन्छ । यो प्रक्रिया पाँच स्तरमा पूरा गरिन्छ । पाणिनिको रुप प्रशोधनको प्रक्रिया व्युत्पादन र रुपायन दुवैमा समानता देखिए तापनि पदसिद्धि र शब्दसिद्धिका प्रक्रियामा सूक्ष्मअन्तर पनि रहेका छन् । शब्दसिद्धिमा विग्रह वाक्यको अर्थलाई मूल आधार बनाइएको हुन्छ भने पदसिद्धिमा चाहिँ क्रियान्वयित्वलाई आधार बनाएर पाँच स्तरका संस्कार कार्य पूरा गरिन्छ । यो संस्कार कार्य वीजगणितका सूत्र झैँ आफ्ना अधिकार क्षेत्रमा आफै क्रियाशील हुँदै जाने सूत्र लागाएर पूरा गरिन्छ । जहाँ प्रचलनअनुसारको रुपसिद्ध गर्न उत्सर्ग सूत्र काम आउँदैन त्यहाँ अपवाद सूत्र लगाएर अर्को सो प्रचलित रुप सिद्धि गरिन्छ । जसरी भाषाका प्रचलनमा रुपगत विविधता हुन्छ त्यसरी तिनलाई सिद्ध गर्ने व्यवस्थाका सूत्रहरुमा पनि विविधता पाइन्छ । त्यसै आधारमा पाणिनिले प्रयोगलाई नै प्रमाण्य मानेर प्रचलित मानक रुपसँगै त्यसका अन्य क्षेत्रीय, सामाजिक, ऐतिहासिक उपस्तरका रुपहरु समेत सिद्धि गर्ने उत्सर्ग, अपवाद र विकल्प तिनै किसिमका सूत्र व्यवस्था गरेर एकसाथ अपवाद र विकल्पसहितका रुपसिद्धिको बाटो वा प्रक्रिया देखाएका छन् ।

समास प्रक्रियाको रुपसिद्धिका पाँच सोपानलाई यसप्रकार देखाउन सकिन्छः

| | | |
|---|---|---|
| क) पहिलो सोपानः | आर्थी संरचना स्थापन | अलौकिक विग्रह विधान |
| ख) दोस्रो सोपानः | पदावली संरचना स्थापन | लौकिक विग्रह वाक्य विधान |
| ग) तेस्रो सोपानः | स्थानिन् कार्यका रुपान्तरण | स्थान्यभावका कार्य विधान |
| घ) चौथो सोपानः | अङ्गकार्यका रुपान्तरण | प्रकृतिविकृतिका कार्य विधान |
| ङ) पाँचौं सोपानः | संहिता कार्यका रुपान्तरण | सन्धि कार्यका विधान |

माथिका पाँच सोपानमध्ये पहिलो र दोस्रो सोपान चाहिँ क्रमशः अन्तःस्तरीय र बाह्य तहका आर्थी र रुपात्मक संरचना हुन् । तेस्रो मुख्य रुपान्तरणको तह हो भने चौथो र पाँचौं रुपध्वनि तहका प्रक्रिया हुन् । पाणिनीय भाषा विश्लेषण परम्परामा अङ्गकार्य र सन्धिकार्यलाई अलग-अलग प्रकरणमा चर्चा गरिएकाले यिनलाई एउटै रुपध्वनिको प्रक्रियामा राख्न नसकिएको हो । पहिलो र दोस्रो आर्थी र पदावली संरचनामध्ये व्यावहारिक विग्रह वाक्यको प्रतिनिधि लौकिक विग्रह हो । यसलाई मात्र प्रक्रियामा देखाउँदा पनि हुने विचार भाष्यकार पतञ्जलिले व्यक्त गरेको छन् तापनि अलौकिक विग्रह नराख्दा समासको प्रक्रियानै स्पष्ट नहुने भएकाले दुवै विग्रह राख्नु उपयुक्त मानेर यहाँ पाँच सोपान क्रममा समासको समग्र रुपसिद्धि प्रक्रिया देखाइएको हो । तल उदाहरण पनि हेरौंः

गजराजः शब्दको रुपसिद्धि प्रक्रिया

| | | |
|---|---|---|
| क) अलौकिक विग्रह कार्य | गज आम् राजन् सु | (विवक्षित आर्थी घटकहरुको स्थापन) |
| ख) लौकिक विग्रह वाक्य | गजानाम् राजाः | (विग्रह वाक्य स्थापन) |
| ग) स्थानिन् र स्थान्यादेशका कार्य | समासलाई प्रातिपदिक संज्ञा | (षष्ठी, तत्पुरुष प्रतिबन्धन) |
| विभक्ति लोपकार्य गज राजन् | | |
| घ) प्रत्यागम कार्यः | गज राज | (टच् प्रत्यागम र टि लोप) |
| ङ) संहिता कार्य | गजराज | (सन्धि वा रुपध्वनि) |
| (पुनःविभक्ति स्थापन ) | गजराज सु | |

(सत्व, रुत्व, विसर्ग प्रक्रिया, गजराजः सिद्ध रुपको प्राप्ति ।)

यस प्रक्रियामा पाँच तहका कार्य सम्पन्न गरेपछि एउटा समस्त शब्द सिद्ध भएको देखिन्छ । यिनमा पहिलो स्तरमा अलौकिक विग्रह वाक्य राखिएको छ र यो वक्ताको विवक्षित अर्थको अभिव्यक्ति हो जसलाई अन्तःस्तरीय संरचना वा आर्थी घटकको विन्यास भन्न सकिन्छ । दोस्रो स्तरमा अर्थलाई व्यावहारिक पदावलीमा देखाइएको छ । यसरी पाणिनीय व्याकरणमा विग्रह वाक्यकै दुई उपस्तर हुन्छन् अलौकिक विग्रह र लौकिक विग्रह । भाष्यकार पतञ्जलिले लौकिक विग्रह मात्र राखेर पदसिद्धि गर्न सकिने विचार व्यक्त गर्नुको आशय सङ्क्षिप्तताका लागि मात्र हो तर प्रक्रिया बुझ्न अलौकिक विग्रह पनि आवश्यक देखिन्छ । यति मात्र होइन विग्रह वाक्य वाग्यवहारको विषय पनि हो र त्यसको विकल्पमा समास गरिने भएकाले समासको प्रक्रियालाई आर्थी घटकसँग जोड्न अलौकिक विग्रह स्थापनको आवश्यकता देखिन्छ भने अलौकिक विग्रहमा अर्थगत धारणालाई पहिले राख्नुको औचित्य पनि पुष्टि मिल्दछ । तर यसलाई नदेखाउँदा पदसिद्धिको प्रक्रियामा लाघवता आउने र विग्रह वाक्यमा पुनरुक्ति दोष निवारण हुने भएकाले पतञ्जलिको भनाइको महत्व पनि देखिन्छ । लाघवताको हिसावले पतञ्जलिको भनाइ पनि मनासिव नै देखिन्छ । गजानां राज्ञः मा प्रातिपदिक संज्ञा गर्दा गज आम राजन सु को आर्थी स्थिति गज राजन देखापर्ने हुँदा यसलाई पहिले राख्नु उपयुक्त देखिन्छ । आवश्यकता र परम्परालाइ हेरेर यसमा दुबै विग्रह राखिएको छ । तेस्रो तहमा सामान्य स्थानिन् प्रत्यय र तिनलाई विशेष प्रत्ययमा रुपान्तरण गर्ने कार्यहरु आएका छन् । त्यसपछि समासका सन्दर्भमा उपसर्जन र पूर्वनिपात संज्ञा र चौथोमै बाँकी अङ्गकार्य पनि आउँछन् । अन्तिम पाँचौमा सन्धि कार्यहरु पर्दछन् । यद्यपि समासको मूल प्रक्रिया गजराज सम्म नै हो तथापि पाणिनीय मान्यतामा वाक्य घटकीय पदका रुपमा समस्त शब्दको (प्रथमान्त कारकीय पदमा) रुपसिद्धि हुने भएकाले विभक्तिले विशिष्ट गर्न पुनःसु विभक्तिको योग, अनुबन्ध, रुत्व, सत्व, विसर्गका कार्य गरेर गजराजः प्रथमान्त कारकीय पदमा रुपसिद्धि हुन्छ ।

**समासका बहिरङ्ग प्रक्रियाहरु**

समासको मूल प्रक्रियाको चर्चापछि अब यसअन्तर्गतका सञ्चलन, प्रत्ययागम र सन्धि प्रक्रिया बुझ्नतिर लागौं । माथिको समास प्रक्रियाको सामान्य ढाँचामा यिनीहरु क्रमशः चौथो र पाँचौ स्तरका कार्यहरु देखिन्छन् । सञ्चलन जसलाई पाणिनीय समास प्रक्रियामा उपसर्जन र पूर्वनिपात कार्यका रुपमा देखाइन्छ । कतै स्थानिन् कार्यकै तहमा चर्चा गरिएको भान हुन्छ भने कतै स्थानिन् कार्यपछिको प्रक्रिया बनाइएको देखिन्छ । तर गहिरिएर हेर्दा चाहिँ यो अङ्गकार्यसँग जोडिने चौथो सोपानको मानेर यहाँ बहिरङ्ग प्रक्रियाका रुपमा चर्चा गरिएको छ । प्रत्यागम समासान्त अङ्गकार्य हो र यसअन्तर्गत आगम, लोपादि प्रकृतिविकृतिका सबै कार्य पर्दछन् । सन्धि संहिता कार्यको रुपमा चर्चा गरिएको छ । तल यिनै प्रक्रियाका बारेमा छुट्टाछुट्टै चर्चा गरिएको छ ।

***समास र सञ्चलन प्रक्रिया***

समास पद्धतिमा एकभन्दा बढी घटकहरुको संयोजन हुँदा एकार्थीभावले घटकहरु निश्चित अनुक्रममा आउँनु पर्छ । प्रकृतितः समस्त शब्दहरु पूर्वपद र उत्तरपदका अनुक्रममा आउँछन् । समासमा अनुबन्धित शब्दहरुको स्थानक्रम प्राथमिकताले तय हुने भएकाले प्रत्येक समासमा उपसर्जन गरेर ती कता रहन्छन् स्पष्ट पारिन्छ । तर कहिलेकाहीँ आर्थीसम्बन्धले यिनको स्थान परिवर्तन पनि हुन्छ । विग्रहवाक्यमा उत्तर भागमा रहेको पद सिद्धावस्थामा पूर्व भागमा ठाउँ साटेर रहने गरेको भेटिन्छ । यस्तो सञ्चलनलाई संस्कृत व्याकरणले उपसर्जन र पूर्वनिपात संज्ञा गरी देखाउँछ भने आधुनिक भाषाविज्ञानले वाक्यस्तरमा पद सर्किने प्रवृतिको प्रक्रिया विश्लेषण गर्न सञ्चलन शब्द प्रयोगमा ल्याएको छ । संस्कृत जस्तो विभक्तिप्रधान भाषाका लागि वाक्यस्तरका सञ्चलनले खासै महत्व राख्दैनन् किनभने पदहरु जुन क्रममा राखिए पनि आफ्नो विभक्तिसहित रहने भएकाले यिनलाई अन्वय गरी अर्थबोध गर्न सकिन्छ । वाक्यस्तरका सञ्चलनले अर्थमा खास फरक पनि पार्दैन । तर पदव्याकरणमा यस्तो सञ्चलन प्रक्रियाले ठूलो महत्व राख्दछ । संस्कृतमा सञ्चलन अर्थ भेदकसमेत देखिएकाले समासमा यसलाई राम्ररी जान्नुपर्छ । त्यसैले पाणिनि व्याकरणमा समस्त शब्दको निपतन वा सञ्चलन प्रक्रियाको व्यवस्था गर्न अनेक सूत्रहरु रचना गरिएका छन् । विग्रह वाक्यमा पछि रहेका तर अर्थ सम्बन्धले रुपरचनामा अगाडि जानुपर्ने हुँदा यो अरु रुपान्तरणभन्दा फरक हो भन्ने स्पष्ट हुन्छ । समासमा जोल्टिन आउने पदको स्थान पक्का गर्न उपसर्जन र सर्किनेलाई पूर्वनिपात संज्ञा गरिन्छ । कतै यो स्थान सुरक्षित गर्न मात्र गरिएको देखिन्छ भने कतै चाहिँ पद सर्किएर

अगाडि लानको लागि गरिएको हुन्छ । यहाँ सर्किएर अगाडि जाने पूर्वनिपात संज्ञाका कामलाई जनाउनको लागि सञ्चलन शब्द प्रयोग भएको छ र समासमा त्यसको पनि सूत्रतः निर्धारण गरिएका कुरालाई चर्चाको विषय बनाइएको छ । अव्ययीभाव, तत्पुरुष, द्वन्द्व र बहुब्रीहि सबै समासमा उपसर्जनको प्रयोजन देखिन्छ तर जहाँ सञ्चलन कार्यले रुप र अर्थमा फरक पारेको हुन्छ ती बढी महत्वपूर्ण हुन्छन् । संस्कृत भाषामा सञ्चलन कार्यबाट समस्त शब्दको अर्थमा परिवर्तन आउने कुरा तलका उदाहरणबाट स्पष्ट भएको छ । जस्तै,

राजदन्त, सपरिवार, भूतपूर्व, आजन्म, निर्मक्षिकम्, राजदैद्य ।

यिनीहरुमा पदसञ्चलन भएको कुरो यिनको विग्रह हेरे मात्र पुग्दछ ।

| | |
|---|---|
| दन्तानां राजा................ | राजदन्त |
| परिवारेण सहितम्............. | सपरिवार |
| पूर्व भूत............... | भूतपूर्व |
| जन्म पर्यन्तम्............. | आजन्म |
| मक्षिकानां अभाव........... | निर्मक्षिकम् |
| वैद्यानाम् राजा........................ | राजवैद्य |

यी उदाहरणहरुमा विग्रह अवस्थामा पछाडि रहेका शब्दहरु सिद्धावस्थामा पूर्वतर्फ सर्किएका छन् । यिनमा जसरी स्वरुपमा सञ्चलन भएको छ सोही तरीकाले अर्थव्यञ्जनामा पनि विशिष्टता आएको छ । वैद्यराज र राजवैद्य यी दुई शब्दमा जुनप्रकारको अर्थगत भिन्नता छ त्यसमा समासको प्रकार र प्रक्रियाको मुख्य भूमिका छ ।

***समास र रुपागमको प्रक्रिया***

समास पद्धतिमा अङ्गकार्यका रुपमा गरिने सबै रुपान्तरणका प्रक्रियालाई प्रत्ययागम भन्नु उपयुक्त हुन्छ । समासमा प्रकृति र प्रत्ययका घटकलाई उपलक्ष्य गरेर यस्ता रुपागमका कार्यहरु गरिन्छन् । अष्टाध्यायीको पाँचौ अध्यायको चौथो पादमा करिव ९३ वटा सूत्रबाट समासान्त विधिको चर्चा गरिएको छ । यिनमा मूल तिन प्रक्रिया देखाइएको छ लोप, आगम र आदेश । यसरी यसअन्तर्गत प्रकृतिविकतिका सबै प्रक्रिया परेको देखिन्छ ।

लोपले प्रातिपदिक र प्रत्ययका अंशमा रहेको कुनै रुप हटाउनुलाई जनाउँछ भने कुनै रुपका ठाउँमा सिङ्गै अर्को ल्याउनु वा आंशिक भाग सट्टापट्टा गर्ने प्रक्रियालाई आदेशले जनाउँछ । आदेशमा भएकोलाई हटाएर नयाँलाई स्थापित गराउने भन्दा फरक आगममा अर्कोलाई नहटाईकन नयाँ रुप जोडिन्छ । बिच भागमा आएर उपस्तरीय परिवर्तन गराउने यस्ता प्रत्ययलाई विकीरण भन्न पनि सकिन्छ तापनि पाणिनिले समासान्त प्रत्यय भन्दै यिनलाई तद्धित प्रत्ययकै कोटिमा राखेर आदेश र आगमका प्रक्रियाका रुपमा समेटेकोले यहाँ सोही बमोजिम सबैलाई समेट्न रुपागम शब्द प्रयोग गरिएको छ । यहाँ के कुरामा स्पष्ट हुनुपर्छ भने यी प्रत्ययागम र आदेशहरुको परिवेशमा प्रातिपदिकमा समेत परिवर्तन हुन्छन् । संस्कृतमा प्रातिपदिकका पछि जोडिने जति प्रत्ययहरु छन् ती सबैको साझा नाम तद्धित प्रत्यय हो । यसकै उपभेदका रुपमा समासान्त, स्त्री, तसिलादि, भनेर उपविभाजन गरेको पाइन्छ । अष्टाध्यायीमा समासान्त प्रक्रियाअन्तर्गत डच्, अ, अच्, टच्, षच्, ष्, अष्, असिच्, इच्, इत्, कप् १२ आगम प्रत्ययहरुको साथै केही आदेश र लोपको चर्चा पाइन्छ । यस्तै अह्न, ज्ञु, अनङ्, निङ्, दत्, चेति आदि आदेशहरुको पनि चर्चा गरिएको छ । तल रुपागम भएका केही समस्त शब्द र तिनको प्रक्रिया देखाइएको छः

| | | |
|---|---|---|
| भूजानि | भूः जाया यस्य ....... | निङ् आदेश, भूजायानिको आ र य को क्रमशः लोप |
| कुम्भकार | कुम्भम् करोति | कुम्भम्  कृ .....वृद्धि कार्य, कुम्भम् कार, म लोप कुम्भकार |
| द्विजार्थ | द्विजाय अर्थ, | य लोप र समासको आ |
| अब्राह्मण | न ब्रह्मन् | न् लोप, णत्वादेश |
| प्राचार्य | प्र आचार्य | सन्धि |
| अहोरात्र | अहन् र रात्रिन् | न र इ लोप |
| परमराज | परमम् र राजन् | म र न को लोप |
| एकादश | एक दश | आ आगम |
| कृष्णसख | कृष्णस्य सखि | इ लोप |

| | | |
|---|---|---|
| सुहृत | सु हृद् | द को विकल्पले त |
| रुपवद्भार्या | रुपवती भार्या | इलोप तको द |
| अधिगोपम् | गोपे अधि | अम् आदेश |
| अपराह्ण | अपर अह्न | दीर्घ आ र णत्व |
| अनुचित | न उचित | अन् आदेश |

***समास र सामासिक सन्धि प्रक्रिया***

सन्धिले एकजुट हुन सक्ने आद्यन्त दुई रुपध्वनिको मिलन र तत्स्थानमा हुने परिवर्तनलाई जनाउँछ । सन्धि शब्दको अर्थ नै मेलमिलाप हो । जब पूर्वपक्ष र उत्तर पक्षका बीचमा मेलमिलाप हुन्छ त्यहाँ एकअर्काका प्रभावले संयुक्त रुपमा रुपध्वनिका परिवर्तन पनि हुन्छन् । आधुनिक भाषाविज्ञानमा सन्धिलाई रुपध्वनिप्रक्रिया अन्तर्गत अध्ययन गरिन्छ । रुपध्वनिका परिवर्तन संहिताभरि जहाँ पनि हुन्छन् यसभित्र सन्धि पनि समेटिन्छ । सन्धि शब्द दुई रुपको मिलन भएका ठाउँको परिवर्तनलाई जनाउन मात्र प्रयोग गरिन्छ । संस्कृतका व्याकरणकार पाणिनिले सन्धि शब्दको यसै संकीर्णतालाई बुझेर संहिता वा प्रकृतिविकृति जस्ता शब्द प्रयोग गरी आधुनिक भाषाविज्ञानको रुपध्वनि प्रक्रियाको धारणालाई समेटेका मात्र छैनन् पूर्वत्रासिद्धमद्वारा सन्धि नियमलाई एक ठाउँमा राखी सन्धिजन्य परिवर्तनलाई विशिष्टरुपमा चर्चा समेत गरेका छन् । तसर्थ संस्कृत भाषाका रुपसिद्धिमा संहिता भागका गुणवद्धि, अयावादेश, सम्प्रसारण र विसर्गका सबै गतिलाई परम्परागत सन्धि धारणाले मात्र अध्ययन गर्न सकिन्न । त्यसका लागि या त पाणिनिले झैँ अङ्गकार्य, प्रकतिविकृति वा संहिता कार्यको नाम दिनुपर्छ या आधुनिक भाषाविज्ञानमा झैँ रुपध्वनि प्रक्रियानाम दिएर अध्ययन गर्नुपर्छ । पाणिनीय शास्त्र परम्पराको यसै मान्यतालाई अनुशरण गर्दै यस आलेखमा पनि प्रकतिविकृतिलाई रुपागमप्रक्रियामा र संहिताअन्तर्गतका दुई रुपका सन्धिस्थलका परिवर्तनलाई सन्धि नाम दिएर अध्ययन गर्न उपयुक्त मानी सामासिक सन्धिलाई स्वतन्त्र रुपमा चर्चा गरिएको छ ।

पाणिनीय व्याकरणअनुसार सन्धिजन्य परिवर्तनको निरुपण बहिरङ्ग कार्यका रुपमा पाँचौं सोपानमा देखाउन उपयुक्त हुन्छ । त्यसैले समास प्रक्रियामा सन्धिका कार्यहरु सबैभन्दा पछाडि देखाइन्छ । संस्कृत भाषामा समस्त शब्दभित्र सन्धिजन्य परिवर्तन प्रशस्त देख्न सकिन्छ । संस्कृत भाषाका सन्धिजन्य परिवर्तनहरु निम्नानुसारका प्रक्रियामा समेट्न सकिन्छः

| | | | | |
|---|---|---|---|---|
| क) गुणादेश | ख) वृद्धयादेश | ग) दीर्घादेश | घ) व्यञ्जनीकरण | ङ) स्वरीकरण |
| च) विसर्गीकरण | छ) अघोषीकरण | ज) घोषीकरण | झ) अल्पप्राणीभवन | ञ) महाप्राणीभवन |
| ट) मूर्धन्यीकरण | ठ) नासिक्यभवन | ड) समीभवन | ढ) पूर्वसवर्ण | ण) परसवर्ण |
| त) अनुष्मीकरण | थ) उष्मीभवन | द) विषमीभवन | ध) अनुनासिकीकरण | न) अनुस्वारीभवन |
| प) ह्रस्वीकरण | फ) प्रकृतिभाव | ब) द्वित्वकरण । | | |

माथिका यी नाम आधुनिक भाषाविज्ञानबाट टिपोट गरिएका हुन् र यी सबैको चर्चा र सन्दर्भ दिनु यो सानो लेखमा सम्भव नदेखिएकाले तल केही सामासिक सन्धि भएका समस्त शब्द मात्र राखिएको छ र अन्त्यमा प्रक्रियाबाट सामासिक सन्धिलाई स्पष्ट पारिएको छः

| | |
|---|---|
| रमेश | रमाया ईश, रमा ईश, रमेश |
| मतैक्य | मते ऐक्य, मत ऐक्य मतैक्य |
| हिमालय | हिमस्य आलय, हिम आलय हिमालय |
| इत्यादि | इतिश्च आदिश्च इति आदि, इत्यादि |
| जगदीश | जगतस्य ईश, जगत् ईश जगदीश |
| परमैश्वर्यम | परमञ्च साचौ ऐश्वर्यम् |
| तत्छिव | तद् शिव |
| अन्तर्राष्ट्रिय | अन्तःराष्ट्रिय |
| मनोकामना | मनः कामना |
| पुनरावलोकन | पुनः अवलोकन |

शुभाशीर्वाद शुभ आशीर्वाद
पुण्याहम् पुण्याय अहम्
दूरादागत दुरात् आगत

यी शब्दहरु सग्ला देखिएका छन् तापनि यिनमा समास र सन्धिप्रक्रिया वा सन्धिजन्य परिवर्तन समेत भएका छन् ।

**निष्कर्ष र सुझाव**

समास समर्थ पदविधिको कार्य हो । समासप्रक्रियामा साकाङ्क्षी पदहरुका बिचमा एकता र सङ्क्षेपणद्वारा समस्त शब्दक निर्माण गरिन्छ । पाणिनिले समासलाई विग्रह वाक्यको अर्थ जनाउने वैकल्पिक सङ्क्षेप कार्य बताएका छन् । यसको तात्पर्य के हो भने यो पदविधि नगरेर विग्रह वाक्य नै प्रयोग गरेर पनि वाक्व्यवहार गर्न सकिन्छ । विग्रह वाक्यको अर्थका लागि एक जिउमा जोडिने साकाङ्क्षी पदहरुमा मात्र समास हुने भएकाले समस्यते इति समासका रुपमा यो सङ्क्षेप गर्ने एक प्रक्रिया बन्दछ । अनेक विभक्ति र स्वरका ठाउँमा एक विभक्ति र एक स्वरमा सङ्क्षेप गर्नु समासकार्य हो ।

समासको अधिकार र विधिसूत्रबाट शर्त निर्धारण गरेपछि मात्र समास प्रक्रिया सुरु हुन्छ । त्यसकारण पहिले साकाङ्क्षी पदमा एकान्वितिको योग्यता जाँचेर समासाधिकार गर्ने सूत्रले समास लागु गर्ने अधिकार दिन्छ अनि कुन समास लागु गर्ने अर्थगत सम्बन्धका आधारमा समासका प्रकार अनुसार तत्पुरुष, अव्ययीभाव, बहुव्रीहि आदि अमुक समास गर्ने प्रतिबन्धन स्थापन गरिन्छ । त्यसपछि कृत्तद्धितसमासाश्च सूत्रबाट प्रातिपदिक संज्ञा गरेर बल्ल समासको रुपान्तरण कार्य सुरु हुन्छ । यो रुपान्तरण स्थानि कार्य, अङ्गकार्य संहिताकार्यका रुपमा एकपछि एक गर्दै पूरा हुन्छ ।

समासको मूलकार्य स्थान्यादेशका कार्य हुन् । मूल स्थानि कार्यपछि उपस्तरका स्थान्यदेशका कार्य पनि आवश्यकतानुसार लागु हुन्छन् । समासमा पनि प्रत्यय लक्षणे प्रत्यय कार्यले समास प्रक्रियालाई गतिशील र रुपान्तरित बनाउँछ । स्थानिन् कार्यपछिका इत्, लोप, आदेश, आगम र रुपध्वनिका कार्यहरुबाट प्रक्रिया गतिशील हुँदै गएर समस्त शब्दको रुपसिद्धि हुन्छ । समासका सबै विधिप्रक्रियाका कार्यहरुलाई निश्चित चरण र तहमा विभाजन गर्दा पाँच तहमा पूरा हुने देखिन्छ । यी अलौकिक विग्रहावस्थाको तह, लौकिक विग्रह वाक्यको तह, स्थान्यादेशका कार्यको तह, प्रत्यागमको तह सन्धि कार्यको तह हुन् । यिनमा प्रत्यागमको तह र सन्धि तहका कार्यहरु ऐच्छिक तथा बहिरङ्ग प्रक्रियाका कार्यहरु हुन् ।

समासमा एकभन्दा धेरै शब्दहरु संयुक्त रुपमा रहने हुँदा अवयवहरुको अनुक्रम, वचनव्यवस्था र लिङ्गानुशासन मिलाउनका निम्ति सञ्चलन, रुपागम र सन्धिका कार्यहरु गरिन्छ । समास पद्धतिमा संयुक्त हुन आएका शब्दहरुमा पूर्वत्व र परत्व निर्धारण गर्न उपसर्जन र पूर्वनिपात कार्य गरिन्छ । जहाँ पूर्वनिपात कार्य गरेर विग्रह वाक्यमा रहेका शब्दको ठाउँ साटफेर समेत हुन्छ त्यसरी हुने परिवर्तनलाई वा रुपान्तरणलाई सञ्चलन भनिन्छ । सञ्चलनको प्रक्रियाले समस्त शब्दको रुपसङ्गठनमा परिवर्तन ल्याउँछ ।

रुपागम र सन्धि दुवैले रुपध्वनिक परिवर्तन गराउँछन् तापनि यिनमा तात्विक अन्तर भएकाले पाणिनिले यिनलाई अलग अलग रुपमा चर्चा गर्नु उपयुक्त नै देखिन्छ । रुपागमभित्र सामासान्त अन्तर्गत चर्चा भएका लोप, आदेश र आगमका परिवर्तन पर्दछन् जसलाई पाणिनिले प्रकृतिविकृति वा अङ्गकार्यका रुपमा चर्चा गरेका छन् । अङ्गकार्यले प्रकृति वा प्रत्ययका अंशमा परिवर्तन गर्ने उद्देश्यले गरिने कार्यलाई जनाउँछ भने पर सन्निकर्षका नियमले सन्निकट रहेका पूर्व र परका ध्वनिहरु ध्वनिसमायोजनका परिवर्तनलाई सन्धिले जनाउँछ ।

समासमा सञ्चलन, रुपागम र सन्धि कार्यहरु बाह्य रुपसङ्गठनसँग सम्बद्ध रहेकाले यिनलाई बाह्य प्रक्रिया मानेर चर्चा गर्नु उपयुक्त हुन्छ । समासका रुपान्तरणमा सबैभन्दा पछाडि सम्पन्न हुने भएकाले यिनलाई बाह्य रुपान्तरण भन्नु जति स्वाभाविक छ त्यति नै यी प्रक्रियाहरु समासमा ऐच्छिक कार्य समेत भएकाले पनि समासको आन्तरिक कार्य वा अनिवार्य रुपान्तरणभन्दा बेग्लै चर्चा गर्ने विषय बनेका छन् ।

## सन्दर्भ सूची


अधिकारी, मीनप्रसाद (२०२० ई.), अष्टाध्यायीको सेरोफेरोमा नेपाली व्याकरण, *नेपजोल,* पूर्णाङ्क ३, पृष्ठ १७७-१८१ ।

उपाध्याय, दुर्गादत्त (२०२१), *विश्वविद्यालय लघुसिद्धान्त कौमुदी,* (डिजीटल कपि), नेपाल संस्कृत विश्वविद्यालय ।

पतञ्जलि (१९८१ई), *व्याकरण महाभाष्य,* मोतीलाल वनारसी दास ।

पाणिनि (१९८१ ई.), *अष्टाध्यायी,* व्या. गोपालदत्त शास्त्री, चौखम्भा सुरभारती प्रकाशन ।

भट्ट, कौण्ड (२००१ई.), *वैयाकरण भूषणसार,* अनु.चन्द्रिका प्र. द्विवेदी, चौखम्बा सुरभारती प्रकाशन ।

शर्मा, मोहनराज (२०६०), *शब्द रचना र बर्णविन्यासः भाषा वैज्ञानिक पद्दति,* नवीन प्रकाशन ।